Citizens® Bank International Ltd.
सिटिजन्स बैंक इन्टरनेसनल लि.
YOUR PARTNER FOR PROGRESS
KAMALADI, KATHMANDU

Unaudited Financial Results (Quarterly)

As at Third quarter (31/12/2069) of the Fiscal Year 2069/70 Rs. in '000

S.No.	Particulars	This Quarter Ending	Previous Quarter Ending	Corresponding Previous Year Quarter Ending
1	**Total Capital and Liabilities (1.1 to 1.7)**	**25,154,968**	**22,740,441**	**18,798,308**
1.1	Paid Up Capital	2,101,840	2,101,840	2,101,840
1.2	Reserve and Surplus	408,502	280,890	232,505
1.3	Debenture and Bonds			
1.4	Borrowings	561,175	87,650	131,440
1.5	Deposits (a+b)	21,420,728	19,635,955	15,289,515
	a. Domestic Currency	21,001,315	19,227,036	14,293,017
	b. Foreign Currency	419,413	408,919	366,498
1.6	Income Tax Liability			
1.7	Other Liabilities	662,723	634,106	1,043,009
2	**Total Assets (2.1 to 2.7)**	**25,154,968**	**22,740,441**	**18,798,308**
2.1	Cash and Bank Balance	3,532,823	2,892,653	2,689,425
2.2	Money at Call and Short Notice	152,650	14,500	192,321
2.3	Investments	2,332,074	2,013,951	1,602,854
2.4	**Loans and Advances(a+b+c+d+e+f)**	**18,064,409**	**16,894,930**	**13,526,517**
	a. Real Estate Loan	2,802,781	2,687,538	2,514,169
	1. Residential Real Estate Loan (Except Personal Home Loan upto Rs 10 million)	344,640	292,934	303,996
	2. Business Complex and Residential Appartment Construction Loan	557,009	563,995	466,700
	3. Income Generating Commercial Complex Loan	141,867	26,725	
	4. Other Real Estate Loans (Including Land Purchase & Plotting)	1,759,264	1,803,885	1,743,473
	b. Personal Home Loan of Rs. 10 million or less	689,436	519,775	392,615
	c.Margin Type Loan	94,457	123,675	53,839
	d.Term Loan	2,950,029	2,834,987	2,817,174
	e.Overdraft Loan /TR Loan/WC Loan	7,412,640	7,147,487	5,073,223
	f.Others	4,115,066	3,581,467	2,675,498
2.5	Fixed Assets	561,753	564,018	191,517
2.6	Non Banking Assets	-	-	
2.7	Other Assets	511,259	360,389	595,673
3	**Profit and Loss Account**	**UP to This Quarter**	**Previous Quarter Ending**	**Corresponding Previous Year Quarter Ending**
3.1	Interest Income	1,589,808	1,011,219	1,422,175
3.2	Interest Expenses	833,344	534,163	1,061,334
	A. Net Interest Income (3.1-3.2)	**756,464**	**477,056**	**360,841**
3.3	Fees, Commission and Discount	45,730	33,140	61,733
3.4	Other Operating Income	105,360	73,598	10,874
3.5	Foreign Exchange Gain/Loss (Net)	5,791	1,582	16,544
	B. Total Operating Income (A + 3.3+3.4+3.5)	**913,345**	**585,376**	**449,991**
3.6	Staff Expenses	101,127	69,215	77,035
3.7	Other Operating Expenses	172,427	113,676	151,457
	C. Operating Profit Before Provision (B - 3.6-3.7)	**639,791**	**402,485**	**221,499**
3.8	Provision for Possible Losses	324,304	283,840	151,816
	D. Operating Profit (C - 3.8)	**315,487**	**118,645**	**69,683**
3.9	Non Operating Income/Expenses (Net)	7,169	3,480	10,104
3.10	Write Back to Provision for Possible Loss	131,204	131,204	78,043
	E. Profit from Regular Activities (D + 3.9+3.10)	**453,860**	**253,329**	**157,829**
3.11	Extraordinary Income/Expenses	(94,654)	(94,654)	
	F. Profit before Bonus and Taxes (E + 3.11)	**359,206**	**158,675**	**157,829**
3.12	Provision for Staff Bonus	32,655	14,425	14,348
3.13	Provision for Tax	97,966	43,275	43,044
	G. Net Profit/Loss (F - 3.12-3.13)	**228,585**	**100,975**	**100,437**
4	**Ratios (Mandatory)**	**At the End of This Quarter**	**Previous Quarter Ending**	**At the end of Corresponding Previous Y. Quarter**
4.1	Capital Fund to RWA	12.69%	12.56%	16.33%
4.2	Non Performing Loan (NPL) To Total Loan	2.45%	3.60%	3.10%
4.3	Total Loan Loss Provision to NPL	99.85%	66.04%	75.28%
4.4	Cost of Funds	6.38%	6.21%	8.62%
4.5	Credit to Deposit Ratio (Calculated as per NRB Directives)	76.91%	78.28%	78.44%
4.6	Base Rate	9.38%	8.92%	-
	Other Key Indicators			
1	Average Yield	11.63%	12.02%	13.03%
2	Net Interest Spread	5.25%	5.81%	3.86%
3	Return on Equity (ROE)	13.36%	8.48%	5.74%
4	Return on Assets (ROA)	1.21%	0.89%	1.07%
5	Liquidity Ratio	27.44%	24.13%	26.23%
6	Home Loans and Real Estate Loans to Total Loans	19.33%	18.98%	21.49%
7	Other Real Estate Loans (Including Land Purchase & Plotting) to Total Loans	9.74%	10.68%	12.89%

* Figures have been regrouped/rearranged whereever necessary
** Above figures are subject to change upon otherwise instructions of Statutory Auditors and/or Regulatory Authorities

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०६५ को अनुसूची १४

(नियम २२ को उपनियम (२) सँग सम्बन्धित)

१) वित्तीय विवरण

(क) त्रैमासिक अवधिको वासलात, नाफा-नोक्सान सम्बन्धी विवरण । यस बैंकको त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ ।

(ख) प्रमुख वित्तीय अनुपातहरु

प्रति शेयर आम्दानी	रु. १४।५०	प्रति शेयर कुल सम्पत्ति मूल्य	रु. ११९६।८१
मूल्य आम्दानी अनुपात	१८.९० प्रतिशत	तरलताको अनुपात	२७.४४ प्रतिशत
प्रति शेयर नेटवर्थ	रु. ११९।४४		

२) व्यवस्थापकीय विश्लेषण :

(क) हालसम्म यस बैंकको वित्तीय स्थिति व्यवस्थापनले प्रक्षेपण गरे अनुरुप नै रहेको छ । निक्षेप, कर्जा तथा मुनाफाको वृद्धि सम्बन्धमा वित्तीय विवरणले नै प्रस्ट पार्दछ । संस्थाको मौज्दात, आम्दानी तथा तरलता सन्तोषजनक नै रहेको छ ।

(ख) व्यवसायिक संजाल वृद्धि, व्यवसाय विविधीकरण तथा गुणस्तरीय सेवा प्रदान गर्ने बैंकको उद्देश्य रहे बमोजिम शाखा विस्तार गर्दै लैजानुका साथै शाखा रहित बैंकिङ्ग (Branch Less Banking) का माध्यमबाट ग्रामिण क्षेत्रमा बैंकिङ्ग पहुँचमा वृद्धि गर्दै लैजाने तथा ग्राहकमुखी नयाँ सेवा तथा सुविधा सुरु गर्ने योजना रहेको छ ।

(ग) विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएको छैन ।

३) कानुनी कारवाही सम्बन्धी विवरण :

(क) यस अवधिमा बैंकले वा बैंकको विरुद्ध कुनै मुद्दा दायर भए नभएको :
यस अवधिमा बैंकले एउटा मुद्दा दायर गरेको ।

(ख) बैंकको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै किसिमको मुद्दा दायर भए नभएको :
यस सम्बन्धमा कुनै जानकारी प्राप्त नभएको ।

(ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भए नभएको :
यस सम्बन्धमा कुनै जानकारी प्राप्त नभएको ।

४) संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण

(क) धितोपत्र बजारमा भएको बैंकको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा:
देशको धितोपत्र बजारमा संगठित संस्थाहरुको शेयर कारोवारमा हाल देखिएको उतार चढावका बावजुद पनि यस बैंकको शेयर कारोबार सन्तोषजनक रहेको छ ।

(ख) यस अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कुल दिन तथा कारोबार संख्या:
यस अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कुल दिन तथा कारोबार संख्याको विवरण देहाय बमोजिम रहेको छ :

अधिकत्तम मूल्य	रु. ३००।००	कुल कारोवार शेयर संख्या	२८,९४९
न्यूनतम मूल्य	रु. २५०।००	कुल कारोवार दिन	५६
चैत्र मसान्तको अन्तिम मूल्य	रु. २७४।००	कुल कारोवार संख्या	१,५८८

५. समस्या तथा चुनौती

(क) आन्तरिक समस्या तथा चुनौती
बैंकिंग क्षेत्रमा तीव्र प्रतिस्पर्धा हुनु, लगानीयोग्य क्षेत्रको अभाव हुनु, बैंकिंग क्षेत्रमा दक्ष जनशक्तिको अभाव हुनु जस्ता आन्तरिक समस्या रहेको विद्यमान परिप्रेक्ष्यमा बैंकको मुनाफा वृद्धि गर्ने कार्य चुनौती पूर्ण रहेको छ ।

(ख) वाह्य समस्या तथा चुनौती
विश्वव्यापी आर्थिक मन्दी, मुलुकको आर्थिक वृद्धिदर न्यून हुनु, लगानी मैत्री वातावरण नहुनु, औद्योगिक तथा व्यापारी क्षेत्रमा श्रम समस्या रहनु, उर्जा संकटलगायत समय-समयमा बन्द हडताल भई रहनु नै प्रमुख वाह्य समस्या हुन् । यस्ता समस्या विद्यमान रहेको अवस्थामा बैंकको कारोबार विस्तार गर्नु चुनौती पूर्ण छ ।

(ग) रणनीति
बैंकले विभिन्न व्यवसायिक संघ-संस्था लगायत व्यक्तिगत ग्राहकहरुसँगको सम्बन्ध सुमधूर बनाउनका लागि छिटो एवं छरितो तवरले ग्राहकमुखी सेवाहरु उपलब्ध गराउनु नै चुनौती समाधान गर्ने आफ्नो रणनीति मानेको छ ।

६. संस्थागत सुशासन

(क) नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम संस्थागत सुशासन अभिवृद्धिको लागि आन्तरिक प्रणाली व्यवस्थित गर्न आन्तरिक लेखापरीक्षक नियुक्त गरिएको तथा लेखापरीक्षकबाट दिइएको सुझाव तथा निर्देशनहरु व्यवस्थापन मार्फत कार्यान्वयन गराउन लेखापरीक्षण समिति सदैव क्रियाशील रहेको छ ।

(ख) सचालन जोखिम कम गर्न तथा कामलाई व्यवस्थित गर्न जोखिम व्यवस्थापन समिति गठन गरिएको छ । साथै विभिन्न आन्तरिक नीति, नियम तथा निर्देशिकाहरु जारी गरी लागू गरिएको छ । कारोवारलाई छिटो-छरितो, चुस्त तथा वैज्ञानिक बनाउन व्यवस्थापन तहमा व्यवस्थापन समिति (Executive Committee), कर्जा समिति, सम्पत्ति दायित्व समिति (ALCO) लगायतका विभिन्न समितिहरु क्रियाशील रहेका छन् ।

(ग) बैंक संचालक समिति तथा व्यवस्थापन आफ्ना शेयरधनीहरु, सर्वसाधारण निक्षेपकर्ताहरु लगायत सम्पुर्ण सरोकारवालाहरुको हितको संरक्षण तथा संस्थागत सुशासन प्रति सदैव सजग तथा प्रतिवद्ध रहेको छ ।

७. सत्य, तथ्य सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण

आजको मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरु शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्तालाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।

प्रमुख कार्यकारी अधिकृत